SAGAR DISTILLERY
www.sagardistilleries.com

Regd. No.: 313023/79/080
info@sagardistilleries.com

पत्र संख्याः २०८२।८३
चलानी नं. १६४

मितिः २०८२।०९।२८

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ।

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलीसडक, काठमाण्डौ।

विषयः सञ्चालकको नियुक्ती सम्बन्धमा।

महाशय,

उपरोक्त सम्बन्धमा, यस कम्पनीको मिति २०८२।०९।२७ गते सम्पन्न भएको तेस्रो वार्षिक साधारण सभामा तपसिलमा उल्लेखित शेयरधनीहरु सर्वसाधारण शेयरधनीका तर्फबाट संचालक पदमा नियुक्त भएको व्यहोरा निवेदन गर्दछु।

तपसिल

| क.सं. | संचालकको नाम र थर र ठेगाना | सञ्चालकको ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | श्री ध्रुव अधिकारी | काठमाण्डौ जि. गोकर्णेशवर न.पा. वडा नं. ८ | - |
| २ | श्री विशान्त रायमाझी | का. जि. बुढानिलकण्ठ न.पा. वडा नं. ७ | शेयरधनी श्री बालाजी क्यापिटल प्रा. लि.को तर्फबाट आधिकारिक प्रतिनिधि |

संलग्न कागजात

१. तेस्रो वार्षिक साधारण सभाको निर्णय

भवदीय,

........................................
सौरभ कारंजित
कम्पनी सचिव

NEPSE BULLS
The GOVERNOR SMOKEWOOD CASK WHISKY
GREY WOLF PLATINUM FILTERED
BERRIES & BLUES
ROYAL BLUE PERFECTLY SMOOTH
MAXX

# सागर डिष्टिलरी लिमिटेडको
# तेस्रो वार्षिक साधारण सभाको निर्णय

दर्ता नं. १८१२०३१२

यस सागर डिष्टिलरी लि. (कम्पनी") को वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री अल्का गोयलज्यूको अध्यक्षतामा निम्नानुसारको मिति, समय तथा स्थानमा बसी देहाय अनुसारको उपस्थितिमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गरि सम्पन्न भयो।

**सभाको मिति, समय र स्थान**

मितिः २०८२।०९।२७ गते, आइतबार
समयः बिहान ९:३० बजे।
स्थानः इला रिसोर्ट, गैंडाकोट, नवलपुर।

**सभाको सूचना**

मिति २०८२।०९।०३ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा ६७(२) तथा कम्पनीको नियमावली बमोजिम प्रथम पटक मिति २०८२।०९।०४ गतेका दिन राष्ट्रिय दैनिक पत्रिका "नेपाल समाचारपत्र" तथा दोश्रो पटक मिति २०८२।०९।०५ गतेका दिन राष्ट्रिय दैनिक पत्रिका "नागरिक दैनिक" मा कम्पनीको तेस्रो वार्षिक साधारण सभाका सम्बन्धमा सभामा छलफल हुने विषयहरु सहितको सूचना प्रकाशित गरि कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई पठाई सुसूचित गरिएको थियो।

**गणपूरक संख्या**

कम्पनी ऐन, २०६३ को दफा ७३ तथा कम्पनीको नियमावलीको नियम २४ अनुरुप

| शेयरधनीको वर्ग | कुल शेयरधनी संख्या | उपस्थित शेयरधनी संख्या | | प्रतिनिधित्व भएको शेयरको संख्या | कम्पनीको बाँडफाँड भएको कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| | | स्वयं | प्रोक्सी | | |
| संस्थापक समुह | १८४ | ९ | ३० | ३७०३५०० | ५१.०१ % |
| सर्वसाधारण समुह | ७८७५५ | ४७ | ३३ | १६७१६७ | २.३० % |
| कुल | ७८९३९ | ११९ | | ३८७०६६७ | ५३.३१% |

Sagar Distillery Limited
Nepal
★ Reg. No. 313023 ★

<u>सभाको वैधानिकता</u>

कम्पनी ऐन, २०६३ तथा कम्पनीको स्वीकृत नियमावलीको व्यवस्था बमोजिम यस वार्षिक साधारण सभा बोलाईएको र कम्पनी ऐन, २०६३ को दफा ७३ तथा नियमावलीको नियम २३ को गणपूरक संख्या सम्बन्धी व्यवस्था बमोजिम यस वार्षिक साधारण सभाको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या ११९ भएको र बाँडफाँड भएको कूल शेयरको ५३.९८ प्रतिशत प्रतिनिधित्व भएको हुँदा यस वार्षिक साधारण सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराई सभा शुभारम्भ गरियो।

<u>उपस्थिति</u>

**क. कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम उपस्थित सञ्चालकहरु**

| | |
|---|---|
| १. श्री अल्का गोयल | अध्यक्ष |
| २. श्री आशुतोष खेतान | सञ्चालक |
| ३. श्री रतन कुमार चौधरी | सञ्चालक |
| ४. श्री श्रेया जलान | सञ्चालक |
| ५. श्री ज्योती दाहाल | स्वतन्त्र सञ्चालक |

**कैफियतः** यस कम्पनीका सञ्चालक श्री रतन कुमार चौधरीज्यू कम्पनी ऐन, २०६३ को दफा ६८ (२) बमोजिम काबुबाहिरको परिस्थिति परी यस साधारण सभामा स्वयं उपस्थित हुन नसकेकाले भिडियो कन्फरेन्स मार्फत साधारण सभामा उपस्थित हुनुभयो।

**ख. पदाधिकारी तथा विशिष्ट अधिकारीहरुः**

| | |
|---|---|
| १. श्री सौरभ कारंजित | प्रमुख कार्यकारी अधिकृत / कम्पनी सचिव |
| २. श्री अनित कुमार पौडेल | प्रमुख सञ्चालन अधिकृत / परिपालना अधिकृत |
| ३. श्री कविन्द्र ध्वज जोशी | शेयर रजिष्ट्रारका तर्फबाट प्रतिनिधि |
| ४. श्री अनिल महर्जन | शेयर रजिष्ट्रारका तर्फबाट प्रतिनिधि |
| ५. वरिष्ठ अधिवक्ता भिमसेन बन्जारा | निर्वाचन अधिकृत |

Sagar Distillery Limited Nepal ★ Reg. No. 313023 ★

## सभाको अध्यक्षता

कम्पनी ऐन, २०६३ को दफा ७४(१) बमोजिम सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिको अध्यक्षज्यूले गर्ने व्यवस्था बमोजिम सभाको अध्यक्षता गर्न सञ्चालक समितिका अध्यक्ष श्री अल्का गोयलज्यूलाई आमन्त्रण गरी आसन ग्रहण गराएपश्चात अध्यक्षको अनुमतिले सभाको कार्यक्रम अगाडि बढाइयो।

## राष्ट्रिय गान

सभामा उपस्थित सबैले उठेर राष्ट्रिय गानप्रति सम्मान प्रकट गर्दै राष्ट्रिय गानमा सहभगी हुनुभयो।

## सभाको उद्‌घाटन

सञ्चालक समितिका अध्यक्ष श्री अल्का गोयलज्यूबाट दिप प्रज्वलित गरी सभाको विधिवत उद्‌घाटन गर्नुभयो।

## छलफलका विषयहरु:

**क. सामान्य प्रस्तावहरु:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०८१।८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२. लेखापरिक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात र सोही मितिमा समाप्त आ.व. २०८१।८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

३. आ.व. २०८२।८३ को लेखापरिक्षण गर्नका लागि लेखा परिक्षकको नियुक्ति गर्ने र निजको परिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना संचालकहरुको निर्वाचन गर्ने।

५. संस्थापक शेयरधनी समूहको तर्फबाट रिक्त सञ्चालक पदमा नियुक्त हुनु भएका सञ्चालकज्यूको नियुक्तीलाई अनुमोदन गर्ने सम्बन्धमा ।

**ख. विशेष प्रस्ताव:**

१. कम्पनी ऐन, २०६३ को दफा १०५ (१) (ख) बमोजिम कम्पनीको व्यवसाय सञ्चालनको लागि कर्जा प्रास गर्ने र सोसँग सम्बन्धित अख्तियारी सम्बन्धमा।

**ग. विविध:**

१. लेखापरिक्षण समिति, जोखिम व्यवस्थापन समिति र सम्पत्ति तथा दायित्व समितिको बैठक भत्ता निर्धारण गर्ने सम्बन्धमा।

**सभाबाट पारित निर्णयहरु:**

क. सामान्य प्रस्तावहरु तर्फः

**निर्णय नं. १: सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदनका उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।**

प्रस्ताव नं. १ उपर आजको बैठकमा छलफल हुँदा, यस कम्पनीको आर्थिक वर्ष २०८१।८२ मा कम्पनी सञ्चालनको क्रममा कम्पनीको तर्फबाट भए गरेका नियमित कार्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले तयार गरी पेश गर्नु भएको कम्पनीको हालसम्मको कार्य प्रगति विवरण सहितको कम्पनीको प्रगति प्रतिवेदन यस सभाबाट सर्वसम्मतिद्वारा पारित गरियो।

**निर्णय नं. २: लेखापरिक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात र सोही मितिमा समाप्त आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने सम्बन्धमा।**

प्रस्ताव नं. २ उपर आजको बैठकमा छलफल हुँदा, यस कम्पनीको आ.व. २०८१।८२ को अवधिको लागि तयार गरिएको आर्थिक विवरण सहित लालवानी एण्ड एसोसिएट्सका लेखापरिक्षक श्री निश्चल लालवानीज्यूले लेखा परिक्षण गरि तयार गर्नु भएको लेखा परिक्षण प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तसम्मको वासलात र सोही मितिमा समाप्त आ.व. २०८१।८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु यस सभाबाट सर्वसम्मतिद्वारा पारित गरियो।

**निर्णय नं. ३: आ.व. २०८२/८३ को लेखापरिक्षण गर्नका लागि लेखा परिक्षकको नियुक्ति गर्ने र निजको परिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।**

प्रस्ताव नं. ३ उपर आजको बैठकमा छलफल हुँदा, यस कम्पनीको आ.व. २०८२।८३ का लागि लालवानी एण्ड एसोसिएट्सका लेखापरिक्षक श्री निश्चल लालवानीज्यूलाई लेखा परिक्षक नियुक्ति गर्ने सर्वसम्मत निर्णय गरियो। साथै, निज लेखा परिक्षकलाई आ.व. २०८२।८३ लेखा परिक्षणको पारिश्रमिक मु.अ. कर बाहेक रु. ३,००,०००।- (अक्षरुपी तिन लाख रुपौयाँ मात्र) निर्धारण गरियो।

**निर्णय नं. ४: सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरुको निर्वाचन गर्ने।**

प्रस्ताव नं. ४ उपर आजको बैठकमा छलफल हुँदा, यस कम्पनीको संचालक समितिमा सर्वसाधारण शेयरधनी समूहको तर्फबाट प्रतिनिधित्व गर्ने २ जना संचालकहरुको निर्वाचनमा देहाय बमोजिमका उम्मेदवारहरु निर्विरोध निर्वाचित हुनु भएको सम्बन्धमा निर्वाचन अधिकृतले घोषणा गर्नुभएको हुँदा निज उम्मेदवारहरुलाई संचालकका रुपमा देहाय बमोजिम नियुक्त गर्ने निर्णय गरियो।

| क्र.सं. | संचालकको नाम, थर र ठेगाना | बुबाको नाम | ना.प्र.नं. | कार्यकाल | कैफियत |
|---|---|---|---|---|---|
| १ | नामः ध्रुव अधिकारी<br>ठेगानाः का. जि. गोकर्णेशवर न.पा. वडा नं. ८ | हरी प्रसाद अधिकारी | १८०९१, काठमाडौं | ४ वर्ष | - |
| २ | नामः विशान्त रायमाझी<br>ठेगानाः का. जि. बुढानिलकण्ठ न.पा. वडा नं. ७ | जयन्त बहादुर रायमाझी | २०९६१, काठमाडौं | ४ वर्ष | शेयरधनी श्री बालाजी क्यापिटल प्रा. लि.को तर्फबाट आधिकारिक प्रतिनिधि |

<u>निर्णय नं. ५: संस्थापक शेयरधनी समूहको तर्फबाट रिक्त सञ्चालक पदमा नियुक्त हुनु भएका सञ्चालकज्यूको नियुक्तीलाई अनुमोदन गर्ने सम्बन्धमा।</u>

प्रस्ताव नं. ५ उपर आजको बैठकमा छलफल हुँदा, यस कम्पनीको सञ्चालक समितिमा संस्थापक समूह तर्फबाट रिक्त एक सञ्चालक पदमा शेयरधनी श्री श्रेया जलानज्यूलाई मिति २०८२।०९।०३ गतेको सञ्चालक समितिको बैठकले नियुक्ति गरेकोमा बाँकी कार्यकालसम्मको लागि निजको नियुक्तिलाई अनुमोदन गर्ने निर्णय गरियो।

ख. विशेष प्रस्ताव तर्फः

<u>निर्णय नं. १: कम्पनी ऐन, २०६३ को दफा १०५ (१) (ख) बमोजिम कम्पनीको व्यवसाय सञ्चालनको लागि कर्जा प्राप्त गर्ने र सोसँग सम्बन्धित अख्तियारी सम्बन्धमा।</u>

प्रस्ताव नं. १ उपर आजको बैठकमा छलफल हुँदा, यस कम्पनीको व्यवसाय सञ्चालन तथा विस्तार गर्नका लागि ऋण प्राप्त गर्न आवश्यक भएको र सो ऋण रकम यस कम्पनीको चुक्ता पुँजी र सञ्चित मुनाफा (फ्रि रिजर्भ) को जम्मा रकम भन्दा बढी हुने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा १०५ (१) (ख) बमोजिम विशेष प्रस्ताव पारित गराउनुपर्ने भएकाले उक्त दफाको अधिनमा रही कम्पनीको व्यवसायिक कारोबारका लागि ऋण प्राप्त गर्ने विशेष प्रस्ताव पारित गर्ने निर्णय गरियो। यस विषयमा कम्पनीलाई आवश्यक पर्ने ऋणको कुल रकम तोक्ने, रकम प्राप्त गरिने बैङ्कको छनौट गर्ने सहित सो ऋण प्राप्त गर्ने सम्बन्धमा अन्य आवश्यक सम्पूर्ण निर्णय गर्न तथा कामकारबाही अगाडी बढाउन यस कम्पनीको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने समेत निर्णय गरियो।

Sagar Distillery Limited Nepal ★ Reg. No. 313023 ★

ग. विविध प्रस्ताव तर्फः

निर्णय नं. १: लेखापरिक्षण, जोखिम व्यवस्थापन र सम्पत्ति तथा दायित्व समितिको बैठक भत्ता निर्धारण गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १ उपर आजको बैठकमा छलफल हुँदा, यस कम्पनीको लेखापरिक्षण, जोखिम व्यवस्थापन र सम्पत्ति तथा दायित्व समितिको सदस्यहरुलाई बैठक भत्ता वापत् प्रति बैठक रु. ५०००।— (पाँच हजार रुपैंया मात्र) (कर सहित) प्रदान गर्ने निर्णय गरियो।

समापन तथा धन्यबाद मन्तब्य

अन्त्यमा कम्पनीको आर्थिक वर्ष २०८१।८२ को वार्षिक साधारण सभाका सम्पूर्ण काम कारवाहीहरु पुरा भएकोले अध्यक्षज्युले सभाको विसर्जन भएको घोषणा गर्दै कम्पनीको तेस्रो वार्षिक साधारण सभामा सहभागी हुनुहुने सम्पूर्ण शेयरधनीहरु, पदाधिकारी तथा विशिष्ट अधिकारी, कर्मचारीहरु लगायतका सम्पूर्ण सरोकारवालालाई सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका सदस्य श्री आशुतोष खेतानज्यूले धन्यबाद व्यक्त गर्नुभयो।

..................................

श्री अल्का गोयल
अध्यक्ष

..................................

श्री सौरभ कारंजित
कम्पनी सचिव